**आकाशवाणी समाचार- नेपाली**

मितिः १० अक्टुबर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदी आज लाओसको दुईदिनको यात्रामा विएंतियाने पुग्नु हुनेछ।
२. राष्ट्रीय जांच एजेंसी . एनआईए ले पुद्दुचेरीको हिज्ब.उत.तहरीर . एचयूटी संगठन सित सम्बन्धित एक प्रमुख आरोपीलाई पक्राउ गरेको छ।
**३.** वर्ष २०२४ को लागी सेना कमांडरहरुको दोश्रो सम्मेलनको पहिलो चरण आजदेखि सिक्किमको गान्तोकमा आयोजित गरिनेछ।
**४.** प्रसिद्ध उद्योगपति अनि परोपकारी रतन टाटाको हिज अबेर राती ८६ वर्षको उमेरमा मुंबईमा निधन भएको छ। राष्ट्रपति द्रौपदी मुर्मु अनि उपराष्ट्रपति जगदीप धनखड़ले सम्मानित उद्योगपति रतन टाटाको निधनमा दुख व्यक्त गरेका छन्।
**५.** वर्ष २०२४ को लागी सेना कमांडरहरुको दोश्रो सम्मेलनको पहिलो चरण आजदेखि सिक्किमको गान्तोकमा आयोजित गरिनेछ।
**६.** विश्वभरीमै आज विश्व मानसिक स्वास्थ्य दिवस मनिएन्दै छ।
**७.** आईसीसी महिला टी–२० विश्वकपमा हिज राति दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा भएको समूह 'ए' अन्तर्गतको खेलमा भारतले श्रीलंकालाई ८२ रनले पराजित गरेको छ।

## एनआईए

राष्ट्रीय जांच एजेंसी . एनआईए ले पुद्दुचेरीको हिज्ब.उत.तहरीर . एचयूटी संगठन सित सम्बन्धित एक प्रमुख आरोपीलाई पक्राउ गरेको छ। एनआईएले बताए अनुसार राज्यको एचयूटी प्रमुख फैजुल रहमानलाई पक्राऊ गरिएअको छ जसलाई **नाकिबको** रूपमा चिन्हित गरिएको छ। एचयूटी कार्यकर्ता हमीद हुसैन अनि उसका सहयोगिहरुले चेन्नईमा एचयूटी को राष्ट्र.विरोधी विचारहरुलाई बढावा दिदै अलगाववादी विचारधारा फैलाउने की साजिश रचेका थिए। फैजुल रहमानले समान विचारधारा भएका बिभिन्न समूहहरु सित एचयूटी को विचारधारा प्रचार गर्न धेरै गुप्त बैठकहरु गरेका थिए अनि समस्त तमिलनाडु राज्यमा धेरै विभाजनकारी अभियानहरुको नेतृत्व गरेका थिए। यस वर्ष सितंबर महिनामा एनआईएले एचयूटी सित सम्बन्धित एक मामलामा तमिलनाडुको विभिन्न स्थानहरुमा छापेमारी गरेको थियो।

****** ० ******

## सेना-कमांडर सम्मेलन

वर्ष २०२४ को लागी सेना कमांडरहरुको दोश्रो सम्मेलनको पहिलो चरण आजदेखि सिक्किमको गान्तोकमा आयोजित गरिनेछ। 2 दिनको यो सम्मेलन वरिष्ठ कमांडरहरुका लागी वर्तमान परिचालन तैयारिहरुको समीक्षा गर्नए महत्वपूर्ण रणनीतिहरु माथि विचार.विमर्श गर्न अनि भविष्यको निर्देशहरुको रूपरेखा तैयार गर्नको लागि एक मंचको रूपमा काम गर्नेछ। रक्षा मंत्री राजनाथ सिंहले वरिष्ठ अधिकारिहरुलाई संबोधित गर्नुहुनेछ अनि उनीहरुलाई अघि रहेका सुरक्षा चुनौतिहरु अनि सुरक्षा क्षेत्रमा सेनाको प्रतिक्रिया बारे जानकारी दिएनेछ।सम्मेलनको अवधि गंभीर राष्ट्रीय सुरक्षा मुद्दाहरु अनि भारतीय सेनाको युद्धक क्षमताहरुमाथि केंद्रित रणनीतिक पक्षहरु माथि चर्चा गरिनेछ। सत्रको अवधि विचार.विमर्श गरिने प्रमुख मुद्दाहरुमा बहु.आयामी

राष्ट्रीय सुरक्षा रणनीतिको बढ़दो महत्व सामेल छन्।

आर्मी कमांडरहरुको सम्मेलनको दोश्रो चरण दिल्लीमा आगामी २८ अनि २६ अक्तूबरमा हुनेछ। सम्मेलनको अवधि ए विभिन्न बोर्ड ऑफ गवर्नर्सको बैठकमा सेवारत सैनिकहरुए पूर्व सैनिकहरु अनि उनीहरुका परिवारहरुको वित्तीय सुरक्षाका लागि कल्याणकारी उपायहरु अनि योजनाहरु माथि विचार.विमर्श गरिनेछ।

****** ० ******

## रतन टाटा -निधन

प्रसिद्ध उद्योगपति अनि परोपकारी रतन टाटाको हिज अबेर राती ८६ वर्षको उमेरमा मुंबईमा निधन भएको छ। उहाको एउटा निजी अस्पतालमा उपचार चलिरहेको थियो। टाटा संसका चेयरमैन एनण चंद्रशेखरनले एक बयानमा श्री टाटाको निधनको पुष्टि गर्नुभएको हो।श्री टाटा १६६२ मा टाटा समूहमा सामेल हुनुभएको थियो। समूहको विभिन्न कंपनिहरुमा सेवा दिनुभए पछि ए उहालाई १६७१ मा नेशनल रेडियो एंड इलेक्ट्रॉनिक्स कंपनी लिमिटेड को प्रभारी निदेशक नियुक्त गरियो। उहाँ १६६१ देखि २८ दिसंबर २०१२ मा आफ्नो सेवानिवृत्ति सम्म टाटा समूहको होल्डिंग कंपनी टाटा संस का अध्यक्ष हुनुहुन्थियो। २८ दिसंबर २०१२ माए श्री रतन टाटा लाई टाटा संसए टाटा इंडस्ट्रीजए टाटा मोटर्सए टाटा स्टील अनि टाटा केमिकल्सको चेयरमैन एमेरिटसको मानद उपाधि द्वारा सम्मानित गरिएको थियो।भारतको सबैभन्दा सम्मानित व्यापारिक दिग्गजहरु मद्धे एक श्री रतन टाटाले दुई दशक भन्दा अधिक समय सम्म टाटा संसका अध्यक्षको रूपमा काम गर्नुभयो। उहाँ टाटा ट्रस्टको माध्यमद्वारा जरिए परोपकारको गहराईमा शामिल हुनुभयो। उहालाई बर्ष २००० मा पद्म भूषण अनि २००८ मा पद्म विभूषण सहित बिभिन्न पुरस्कारहरु द्वारा सम्मानित गरिएको थियो।

****** ० ******

## राष्ट्रपति.उपराष्ट्रपति.रतन टाटा

राष्ट्रपति द्रौपदी मुर्मु अनि उपराष्ट्रपति जगदीप धनखड़ले सम्मानित उद्योगपति रतन टाटाको निधनमा दुख व्यक्त गरेका छन्। एक सोशल मीडिया पोस्टमा ए राष्ट्रपतिले भन्नुभयो कि व्यवसायी रतन टाटाको निधनले ए भारतले एक यस्ता आइकन गुमाएको छ ए जसले राष्ट्र निर्माण सितै कॉर्पोरेट विकास अनि नैतिकतासित उत्कृष्टतालाई जोड्न सफल भए।

राष्ट्रपति मुर्मुले भन्नुभयो - उद्योगपति रतन टाटाले महान टाटा विरासतलाई अघि बढाउनुभयो अनि यसलाई अझ अधिक प्रभावशाली वैश्विक स्थान दिलाउनु भयो। परोपकार अनि दानमा उहाको योगदान अमूल्य रहेको राष्ट्रपतिले बताउनुभयो। राष्ट्रपति मुर्मुले दुखी परिवार अनि टाटा समूहको सम्पूर्ण टीम प्रति संवेदना व्यक्त गर्नुभएको छ। उपराष्ट्रपति जगदीप धनखड़ले आफ्नो शोक संदेशमा उद्योगपति रतन टाटाको निधनद्वारा उहालाई गहिरो दुख भएको बताउनुभएको छ।रक्षा मंत्री राजनाथ सिंहले रतन टाटाको निधनमा दुख व्यक्त गर्दै - रतन टाटालाई अर्थव्यवस्थामा उहाको योगदानको लागी सदैव स्मरण गरिरहने बताउनुभएको छ। अडानी ग्रुपका चेयरमैन गौतम अडानीले पनि टाटा संसका मानद चेयरमैन रतन टाटाको निधनमा गहिरो दुख व्यक्त गरेका छन्।

****** ० ******

## **केन्द्रीय मन्त्रिपरिषद्-गुजरात**

केन्द्रीय मन्त्रिपरिषद्ले गुजरातको लोथलमा राष्ट्रिय समुद्री सम्पदा परिसर - छडभ्ब को स्थापनालाई अनुमोदन गरेको छ। सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा भन्नुभयोए यसको उद्देश्य भारतको समृद्ध र विविध समुद्री सम्पदाको संरक्षण र प्रदर्शन गर्नु हो। श्री वैष्णवले प्रधानमन्त्री नरेन्द्र मोदीको भारतको साढे चार हजार वर्ष पुरानो सामुद्रिक सम्पदालाई देखाउने दृष्टिकोण अनुरुप बन्दरगाहए पानीजहाज तथा जलमार्ग मन्त्रालयले लोथलमा विश्वस्तरको राष्ट्रिय सामुद्रिक सम्पदा कम्प्लेक्स निर्माण गरिरहेको बताउनु भयो।

ठलजम

****** ० ******

## **केन्द्रिय मंत्री मण्डल**

केन्द्रिय मंत्री मण्डलले राजस्थान औ पंजाब को सीमावर्ती इलाकाहरूमा २ हजार २८० किलोमीटर लामो सड़क निमार्णको निम्ति स्वीकृति दिइएको छ। केन्द्रिय सुचना अनि प्रसारण मंत्री अश्विनी वैष्णव ले बताउनुभयो कि यस परियोजनामा चार हजार चार सय करोड़ रूपियाँ भन्दा अधिकको लागत आउने छ। यस परियोजनामा देशको अन्य हिस्साहरू सरह नै सीमावर्ती हलाकाहरूमा पनि सबै सुविधाहरू उपलब्ध गराउन माथि विशेष ध्यान दिएको छ।

****** ० ******

**क्रिकेट**

आईसीसी महिला टी–२० विश्वकपमा हिज राति दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा भएको समूह 'ए' अन्तर्गतको खेलमा भारतले श्रीलंकालाई ८२ रनले पराजित गरेको छ । रनको हिसाबलेए यो महिला ज्२० विश्वकपको इतिहासमा भारतको अहिलेसम्मको सबैभन्दा ठूलो जीत हो। यो जितले भारतलाई समूह 'ए' मा पाकिस्तान र न्युजिल्यान्डभन्दा माथि उक्लने र न्युजिल्यान्डको नेट रन रेटभन्दा माथि जान मद्दत गर्नेछ। यसअघि भारतीय महिलाले टस जितेर पहिले ब्याटिङ रोजेको थियो। पहिले ब्याटिङ गरेको भारतले स्टार ब्याट्सम्यान हरमनप्रीत कौर र स्मृति मन्धानाको अर्धशतकको मद्दतले १७२ रनको चुनौतीपूर्ण स्कोर बनाएको थियो। स्मृती मन्धानाले ५० रन र हरमनप्रीत कौरले नटआउट ५२ रन बनाएकी थिइन्। १७३ रनको लक्ष्य पछयाएको श्रीलंकाको टोली १९ ओभर ५ बलमा ९० रनमा अलआउट भएको थियो। श्रीलंकाका लागि कविशा दिलहारीले सर्वाधिक २१ रन बनाएकी थिइन्।

अर्कोतिर पुरुष टोलिले दोस्रो टी–२० अन्तर्राष्ट्रिय खेलमा बंगलादेशलाई ८६ रनले पराजित गरेको छ।

नयाँ दिल्लीको अरुण जेटली स्टेडियममा हिज राति भएको खेलमा जित दर्ता गरेपछि भारतले  तीन खेलको शृङ्खला २–० ले जितेको छ। यो जित भारतको टी-२० इतिहासमा बंगलादेशविरुद्ध रन भिन्नताको हिसाबले सबैभन्दा ठूलो जित हो।२२२ रनको लक्ष्य पछयाएको बंगलादेशले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १३५ रन बनायो। बंगलादेशका लागि महमुदुल्लाहले सर्वाधिक ४१ रन बनाए। भारतका नितिश रेड्डी र वरुण चक्रवर्तीले २–२ विकेट लिए द्ययसअघि ब्याटिङको निम्तो पाएको भारतले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर २२१ रन बनाएको थियो। नितिश रेड्डीले सर्वाधिक ७४ रन बनाए भने रिंकु सिंहले ५३ रन र हार्दिक पाण्ड्याले ३२ रन बनाए।

****** ० ******